# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. २३८/२०७०/०७१
निर्णय नं. २६

धादिङ जिल्ला, खाल्टे गाविस वडा नं. ६, हाल काठमाडौं महानगरपालिका वडा नं. ९, कालिमाटी डोल, एयरपोर्ट वस्ने दिवस अगस्ती ........................................................................१ पुनरावेदक

विरूद्ध

श्री कार्यकारी निर्देशक, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाण्डौं................१ विपक्षी
श्री सूचना अधिकारी, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाण्डौं ....................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।

धादिङ जिल्ला, खाल्टे गाविस वडा नं. ६, हाल काठमाडौं महानगरपालिका वडा नं. ९, कालिमाटी डोल, एयरपोर्ट वस्ने दिवस अगस्तीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।१२।१२ मा उजुरी गरेको ।

प्रस्तुत सम्बन्धमा राष्ट्रिय सूचना आयोगको मिति २०७१।०२।१३ को आदेश बमोजिम माग भएको सूचना उपलब्ध गराउन नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाण्डौंको नाममा च. नं. १००६ मिति २०७१।०२।१६ मा पत्र लेखी गएको । तत् पश्चात नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, बबरमहल, काठमाडौंको च. नं. ८४१/०७०/७१ को पत्रबाट परीक्षार्थीलाई उत्तरपुस्तिका हेर्न दिने र प्रतिलिपि उपलब्ध गराउने सम्वन्धमा आवश्यक शर्त सहितको कार्यविधि मस्यौदाको क्रममा रहेको र सो मस्यौदा उक्त संस्थाको सर्वोच्च अंग परिषदबाट स्वीकृत हुने व्यहोरा लेखी आएको । तत् पश्चात पुनरावेदकले मिति २०७१।०२।२९ मा आयोगको आदेश बमोजिम सूचना उपलब्ध नगराउने नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका कार्यालय प्रमुख र सूचना अधिकारीलाई दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी पुनः उजुरी गरेको । उक्त उजुरी प्राप्त भए पछि आयोगबाट नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाण्डौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा च. नं. ७४ मिति २०७१।०४।०६ को पत्रबाट आदेश कार्यान्वयन सम्वन्धमा पुनः लेखी गएको । आयोगबाट प्रेषित मिति २०७१।०४।०६ को पत्र पश्चात पनि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाण्डौंले माग बमोजिमको सूचना उपलब्ध नगराएकोले दफा ३२ बमोजिम कारवाही गरी माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी मिति २०७१।११।११ मा पुनः उजुरी गरेको । पुनरावेदकको उक्त उजुरी प्राप्त भए पछि आयोगबाट मिति नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाण्डौंलाई च. नं. १३५१ मिति २०७२।०२।२१ मा आयोगमा छलफलको निम्ति उपस्थित हुन पत्र लेखी गएको । तत् पश्चात मिति २०७२।०३।०१ मा प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँस्कोटा, सूचना अधिकारी श्री किरणकुमार पोखरेल, सूचना आयुक्त श्री यशोदादेवी तिम्सिना, आयोगको कार्यालयको तर्फबाट सचिव श्री लक्ष्मणप्रसाद मैनाली, उपसचिव श्री

[illegible]राजा श्रेष्ठ, शाखा अधिकृत श्री [illegible]प्रसाद महराई र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाण्डौका तर्फबाट उक्त संस्थाका कार्यकारी निर्देशक श्री विनयप्रकाश श्रेष्ठ, परीक्षा शाखा प्रमुख श्री श्याममणी दाहाल र कानूनी सल्लाहकार श्री विष्णुप्रसाद न्यौपानेसंगको छलफल पश्चात उक्त नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाण्डौलाई उत्तरपुस्तीकाको प्रमाणित प्रतिलिपि र प्राप्ताङ्क परीक्षार्थीले माग गरेको वखत हेर्न पाउने गरी नियम वा कार्यविधि बनाई माग भएको सूचना उपलब्ध गराउन कति दिन भित्र सकिन्छ ? ७ (सात) दिन भित्र लिखित जवाफ गर्न पत्राचार गर्ने निर्णय भए अनुसार यस आयोगको च. नं. १४५९ मिति २०७२।०३।०७ मा कति समयभित्र परीक्षार्थीले माग गरेको वखत हेर्न मिल्ने गरी नियम वा कार्यविधि बनाई उपलब्ध गराउन सकिन्छ ? सो सम्वन्धमा ७ (सात) दिन भित्र सम्पूर्ण विवरण सहितको लिखित जवाफ पेश गर्न लेखी गएको । उक्त पत्रका सम्वन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाण्डौले कुनै ज़वाफ नदिए पछि आयोगको च. नं. १४८ मिति २०७२।०५।३१ मा विवरण उपलब्ध गराउन पुनः लेखी गएको । तत् पश्चात यस आयोगको च. नं. ४८९ मिति २०७२।०९।०७ मा प्रमुख सूचना आयुक्त श्री कृष्णहरि बाँस्कोटाको अध्यक्षतामा पुनः भएको छलफल पश्चात यस आयोगको च. नं. ४९८ मिति २०७२।०९।०६ को पत्रबाट पुनरावेदक दिवस अगस्ती तथा विपक्षी त्यस कार्यालय भएको पुनरावेदनको सम्बन्धमा यस आयोगबाट भएको पूर्व आदेश मोजिम माग गरिएको सूचना उपलब्ध गराउनू । सो सम्बन्धमा आयोगको आदेश कार्यान्वयनतर्फ भएका गतिविधि प्रष्ट हुने गरी ७ (सात) दिन भित्र प्रगति विवरण यस आयोगमा पठाउनू भनी लेखी गएको ।

तत् पश्चात आयोगबाट पटक पटक आदेश जारी भएको लामो समयसम्म पनि नागरिकलाई सूचना उपलब्ध नगराउने नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाण्डौका कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिमको सजाय तर्फ आयोगले प्रक्रिया अघि किन नबढाउने ? तथा हालसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण आयोगमा पठाउनू भन्ने व्यहोरा सहितको मिति २०७३।०२।१८ मा पुनः आदेश भएको देखिन्छ ।

**आयोगको ठहर**

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाण्डौले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगको पटक पटक आदेश जारी भएको लामो समयसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रक्रिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अबधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ३ (तीन) दिन भित्र यस आयोगमा पठाउन र यस आयोगको मिति २०७१।०२।१३ को आदेश अनुसार ३ (तीन) दिन भित्र सूचना उपलब्ध गराउनू भनी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाण्डौको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यो आदेशको पालना नभएमा निज नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ववरमहल काठमाण्डौका कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने व्यहोरा निजलाई जानकारी दिनू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल भाद्र २३ गते रोज ५ शुभम् ।